श्री सचिव,
कृषि, खाद्य प्रविधि तथा भूमी व्यवस्था मन्त्रालय।

कृषिकर्मी रोजगार कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७८ स्वीकृत गर्ने विषयको कृषि, खाद्य प्रविधि तथा भूमी व्यवस्था मन्त्रालयको नं. ७/४-२०७८ मिति २०७८।११।०५ को प्रस्ताव लु.प्र.मं.प.बै.सं. ३०/२०७८, मिति २०७८।११।१० को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा प्रदेश सरकार (मन्त्रिपरिषद्) ले देहायबमोजिम निर्णय गरेकाले सो अनुसार कार्यान्वयन हुन लुम्बिनी प्रदेश सरकार (कार्य सम्पादन) नियमावली, २०७४ को नियम ३५ को उपनियम (२) बमोजिम अनुरोध गरेको छु-

<u>प्रदेश सरकारको निर्णय-</u>

"प्रस्तावमा लेखिएबमोजिम गर्ने।"

२०७८।११।१०

प्रदेश सरकार
लुम्बिनी प्रदेश
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
मुकाम बुटवल, नेपाल

(डिल्लीराम शर्मा)
प्रमुख सचिव
प्रमुख सचिव

कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
मुकाम: बुटवल, नेपाल
दर्ता नं.: १५५५-
मिति : २०७८।११।१३

श्री यो० उ० 
आवश्यक कार्यार्थ
११।१३

# कृषिकर्मी रोजगारी कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ लाई संशोधन गर्न बनेको कार्यविधि

<u>प्रस्तावना</u>: कृषिकर्मी रोजगारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ लाई समसामयिक संशोधन गर्न वाञ्छनीय भएकोले,

लुम्बिनी प्रदेश, प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ को अधिकार प्रयोग गरी प्रदेश सरकार (मन्त्रिपरिषद्) ले यो कार्यविधि बनाई लागु गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "कृषिकर्मी रोजगार कार्यक्रम सञ्चालन (पहिलो संशोधन) कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>कृषिकर्मी रोजगारी कार्यक्रम सञ्चालन कार्यविधि,२०७७ को दफा २ मा संशोधनः</u> कृषिकर्मी रोजगारी कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ (यस पछि मूल कार्यविधि भनिएको) को दफा २ को,-

(१) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राखिएको छ :-

" (ङ) "कार्यालय" भन्नाले कृषि,खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय मातहतको निकायलाई सम्झनु पर्छ।"

(२) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः-

(झ) "मन्त्रालय" भन्नाले लुम्बिनी प्रदेशको कृषि,खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालयलाई सम्झनु पर्छ।"

३. <u>मूल कार्यविधिको दफा ५ मा संशोधनः</u> मूल कार्यविधिको दफा ५ को,उपदफा (१) को सट्टा देहायको उपदफा(१) राखिएको छः-

"(१) कार्यालयले निजी क्षेत्रका लागि अनुसूची-१ बमोजिमको ढाँचामा कम्तिमा ३० दिने सूचना प्रकाशन गर्नेछ। "

(२) उपदफा(३) को सट्टा देहायको उपदफा(३) राखिएको छः-

"(३) कार्यक्रममा सहभागी हुन इच्छुक अनुदानग्राहीले दरखास्त पेश गर्दा स्थानीय तहको सिफारिस सहित अनुसूची-५ बमोजिमको ढाँचामा कृषिकर्मीको व्यक्तिगत विवरण समेत अनिवार्य पेश गर्नु पर्नेछ। ।"

४. <u>मूल कार्यविधिको दफा ११ मा संशोधनः</u> मूल कार्यविधिको दफा ११ को,उपदफा (२) को सट्टा देहायको उपदफा(२) राखिएको छः-

"(२) कृषिकर्मीले नियमानुसार पाउने पारिश्रमिक रकम रोजगारदाताले सम्बन्धित कृषिकर्मीको बैङ्क खातमा भुक्तानी गरिसके पछि कृषिकर्मीको व्यक्तिगत विवरण, नियुक्ति पत्र, मासिक रुपमा हाजिर गरी कार्य गरेको प्रमाणित कागजात,समाजिक सुरक्षा कोषमा रकम जम्मा गरेको खुल्ने आधिकारीक कागजात, पारिश्रमिक रकम भुक्तानी गरेको कागजात पेश गरेपछि कार्यालयले रोजगारदाताको बैंक खातामा पारिश्रमिक रकम शोधभर्ना गराउनेछ। "

२) उपदफा(२) पछि देहायको उपदफा(२क) राखिएको छः-

"(२क) कुनै एक आ.व.मा कोभिड वा कुनै जायज कारणले कार्यालयमा सम्झौता गरेका रोजगारदाताले भुक्तानी लिन नसकेमा अर्को आ.व.मा जायज कारण सहित उपदफा २ बमोजिमका कागजातहरु कार्यक्रम संचालन अवधि भित्र कार्यालयमा निवेदन पेश गरेमा दफा १४ बमोजिम अनुगमन गरी अनुसूची ८ बमोजिम कार्यालयले भुक्तानी दिनेछ ।"

५. <u>मूल कार्यविधिको दफा १४ मा संशोधनः</u> मूल कार्यविधिको दफा (१४) को सट्टा देहायको दफा (१४) राखिएको छः-

"(१४) कार्यक्रमको अनुगमन मन्त्रालय, निर्देशनालय र मातहतका कार्यालयबाट गरिनेछ। अनुगमनबाट अनुसूचि-३ बमोजिमको मापदण्ड नपुगेको देखिएमा कार्यालयले जुनसुकै समय सम्झौता रद्द गरी भुक्तानी रोक्का गर्न सक्नेछ ।"

"

सचिव